सुस्ता गाउँपालिका
☎०७८-५०६००१
# गाउँ कार्यपालिकाको कार्यालय
कुडिया,नवलपरासी(ब.सु.प)
लुम्बिनी प्रदेश,नेपाल

प.स.:०८०/०८१
च.नं. १३६९

मिति: २०८०/१०/२८

श्री सुस्ता गा.पा.

सबै वडा कार्यालयहरु ।

**विषय: जग्गा दर्ता सम्बन्धी सार्वजनिक सूचना सम्बन्धमा ।**

उपर्युक्त बिषयमा भूमिसुधार तथा मालपोत कार्यालय,परासी (ब.सु.प) को च.नं. ७०४५ को मिति २०८०/१०/१९ को पत्रबाट भूमिसुधार तथा मालपोत कार्यालय,परासी (ब.सु.प) को मिति २०८०/१०/१९ जग्गा दर्ता सम्बन्धी सार्वजनिक सूचना सम्बन्धमा लेखि आएको पत्रको छायाँ कपी यसै पत्र साथ संलग्न गरी पठाइएको छ । सो पत्रबाट व्यहोरा अध्ययन गरी सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Email:- sustagaunpalika@gmail.com
www.sustamun.gov.np
www.facebook.com/sustamun.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# भूमिसुधार तथा मालपोत कार्यालय
परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

च.नं.:
पत्र.संख्या:-०८०/०८१

मिति:२०८०।१०।१९

## विषय:- जग्गा दर्ता सम्बन्धी सार्वजनिक सूचना ।

मालपोत नियमावली २०३६ को नियम ४क बाट नापजाँच ऐन,२०१९ बमोजिम नापनक्सा भएको जग्गा दर्ता गर्नसम्म छुट भएकोमा त्यस्ता जग्गा दर्ता गर्न चाहने जग्गावालाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको म्याद भित्र सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था भएकोमा सोही व्यवस्था बमोजिम नेपाल राजपत्र भाग ५ खण्ड ७३ संख्या ५० मिति २०८० माघ ११ गतेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रकाशित सूचनाबाट छुट जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले निवेदन दिने र यस अघि नै निवेदन परी फछर्यौट गर्न म्याद सूचना प्रकाशन भएको मितिले २ (दुई) वर्ष तोकेको हुँदा तपसिल बमोजिमका आवश्यक कागजात प्रमाणहरु पुगेका हकमा उक्त कागजातहरु मिसिल संलग्न राखि समयवधि भित्र निवेदन पेश गर्नका लागि सम्बन्धित सरोकारवालाहरुमा सूचित गरिन्छ ।

२०८०/१०/१९
प्रमुख मालपोत अधिकृत

**तपशिल**

१. साविक लगत (जग्गाको विवरण)
२. हकभोग प्रमाण/जोतभोग
३. २ नं. अनुसूची फारम (तिरोको निस्सा)
४. नाप नक्सा भएकोमा नक्सा र फिल्डबुक उतार (क्षेत्रीय किताब)
५. सम्बन्धित गाउँपालिका/नगरपालिकाको किटानी सिफारिस तथा स्थलगत सर्जमिन मुचुल्का, निवेदकको नागरिकता प्रमाण पत्र
६. ७ नं फाँटवारीको प्रमाणित उतार (भूमिसुधार लागु हुँदा भरेको हदबन्दी सम्बन्धी फारम
७. मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणित (जग्गाधनीको मृत्यु भएको हकमा)
८. साविक मौजा नं.,रैती नं.,नक्सा सिट नं. सर्वेनापी भएको बखत नाप नक्सा भएको विवरण खुल्ने किटानी सिफारीस
९. अन्य आवश्यक कागजातहरु

Mail:parasi@dolma.gov.np

Phone Number: 078-520177